Regd. No.: 67/050/51 CDO, 1399/050/51 SWC

1993

# राष्ट्रिय अपाङ्ग महासंघ–नेपाल

## NATIONAL FEDERATION OF THE DISABLED-NEPAL (NFDN)

Member: Disabled Peoples' International (DPI): Asia Pacific Disability Forum (APDF)

(Towards Inclusive, Barrier Free and Right Based Society for the Persons with Disabilities)

Ref.: २२२/०६५/०६६

मिति २०७५/११/६ गते

### प्रेश बिज्ञप्ती

संघीय निजामती सेवाको गठन सञ्चालन र सेवा शर्त सम्बन्धमा गर्न बनेको बिधेयकमा साविकको निजामती सेवा ऐनमा भएको ब्यवस्था अनुसार अपाङ्गता भएका ब्यक्तिहरुको आरक्षण ५ प्रतिशतबाट घटाएर ३ प्रतिशत र सेवा प्रवेश उमेर हद ४० वर्षबाट घटाएर ३५ वर्ष बनाइएकोकोमा राष्ट्रिय अपाङ्ग महासंघ नेपालको गंभीर ध्यानाकर्षण भएपछि उक्त प्रस्तावित बिधेयकमा साविकको ५ प्रतिशत आरक्षणको ब्यवस्था सेवा प्रवेश अवधी ४० वर्ष उमेरको हद कायम गरियोस भनि महासंघले विभिन्न सदस्य संस्था र राजनैतिक दलका अपाङ्गताको सवाल हेर्ने भातृ संगठन सँगको सहकार्यमा मिति २०७५ माघ २९ गतेदेखी निरन्तर जनवकालत र सम्बन्धित निकाय र सरोकारवालामाथि शान्तिपूर्ण दवाव दिने कामहरू गरिरहेको छ ।

यसै क्रममा राष्ट्रिय अपाङ्ग महासंघ नेपालको नेतृत्वमा २०७५ फागुण २ गते प्रतिनिधि सभाका माननीय ज्यूहरुलाई भेटघाट गरि अवस्थाको वारेमा जानकारी गराइयो र महासंघले राखेका मागहरूमा गंभीर रूपले सोचेर मात्र निर्णय गर्न अनुरोध गरियो । फागुन ३ गते महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री, कानून न्याय तथा संसदीय ब्यवस्था मन्त्री, नेकपा संसदीय दलका उपनेता सुवासचन्द्र नेम्वाङ, सचेतक शान्ता चौधरी र प्रतिनिधि सभाका माननीयहरुलाई भेटी उक्त बिषयमा ध्यानाकर्षण गराइएको छ । यसैगरि फागुन ४ गते कार्य ब्यवस्था तथा सुशासन समिति, नेकपा का अध्यक्ष श्री पुष्पकमल दहाल प्रचण्ड र अन्य समितिका माननीय ज्यूहरुलाई भेटघाट गरि लिखित माग सहित ध्यानाकर्षण गराउनुका साथै र प्रतिनिधि सभाका २७५ जना माननीय ज्यूहरुलाई मोबाइल सन्देश पठाइएको छ । यसैगरी फागुन ५ गते कार्य ब्यवस्था समितिका सभापती र प्रतिनिधी सभाका अन्य माननीय ज्यूहरुलाई भेटघाट यसैगरी नेपाली काग्रेसका सचेतकलाई ध्यानकर्षण पत्र बुझाउने काम गरिएको छ ।

२०७५ फागुण ३ गते संघीय निजामती सेवा विधेयक २०७५ प्रतिनिधि सभामा प्रस्तुत भएको छ भने संघीय निजामती सेवा विधेयक २०७५ मा बिचार गरियोस भन्ने प्रस्ताव २०७५ फागुण ६ गतेको सम्भावित दैनिक कार्यसूचिमा रहेको छ । यस प्रस्तावित बिधेयकमा साविकको ५ प्रतिशत आरक्षणको ब्यवस्था सेवा प्रवेश अवधी ४० वर्ष उमेरको हद कायम गरेर मात्र विधेयक पारित गर्न राष्ट्रिय अपाङ्ग महासंघ नेपाल नेपाल सरकार लगायत, प्रतिनिधिसभाका सांसदज्यूहरूसँग जोडदार माग गर्दछ । अपाङ्गता भएका ब्यक्तिहरुको साविकको ५ प्रतिशत आरक्षण र सेवा प्रवेश उमेर हद ४० कायम नरहे आम अपाङ्गता भएका ब्यक्तिहरू अधिकार रक्षाको लागि सडक संघर्षमा उत्रन बाध्य हुनेछौ ।

.......................

टीका दहाल

उपाध्यक्ष

Central Office: Bhrikutimandap, Kathmandu, Nepal, Post Box No.: 9188, Tel. : +977 1 4231159 Fax : +977 1 4229522
E-mail: info@nfdn.org.np, Website: www.nfdn.org.np